**अनुसूची- २**

(दफा ४ तथा अनसूची-१ को भाग-२ सँग सम्बन्धित)

चौरजहारी नगरपालिका

# स्थानीय राजपत्र

खण्ड : २ संख्या : ७ मिति : २०७५/०२/०१

**भाग-२**

**चौरजहारी नगरपालिका**

**प्रमाणीकरण मिति :** २०७५/०२/०१

## चौरजहारी नगरपालिकामा विभिन्न पदहरुको स्थायी/अस्थायी/करार सेवामा पदपूर्तिको लागि संचालन गरिने परिक्षामा खटिने कर्मचारीहरुको सेवा सुविधा सम्बन्धि मापदण्ड, २०७५

**प्रस्तावना** : चौरजहारी नगरपालिकामा विभिन्न पदहरुमा स्थायी/अस्थायी/करार सेवामा पदपूर्तिको लागि संचालन गरिने परिक्षामा खटिने कर्मचारीहरुको सेवा सुविधा सम्बन्धि मापदण्ड बनाउन बाञ्छनिय भएकोले चौरजहारी नगरकार्यपालिकाले यो मापदण्ड बनाएको छ ।

### परिच्छेद १
### प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :** (१) यस नियमावलीको नाम "चौरजहारी नगरपालिकामा विभिन्न पदहरुको स्थायी/अस्थायी/करार सेवामा पदपूर्तिको लागि संचालन गरिने परिक्षामा खटिने कर्मचारीहरुको सेवा सुविधा सम्बन्धि मापदण्ड, २०७५" रहेको छ ।

चौरजहारी नगरपालिका

(२) यो मापदण्ड तुरुन्त लागु हूनेछ ।

**२. परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस मापदण्डमा :

(क) "पदपूर्ति समिति" भन्नाले नगरपालिकाको स्विकृत दरवन्दी अनुसार रिक्त पदमा स्थायी वा अस्थायी वा करार सेवामा पदपूर्तिको लागि नगर कार्यपालिकाको निर्णय अनुसार गठन हुने समिति सम्झनु पर्दछ ।

(ख) "नगर कार्यपालिका" भन्नाले चौरजहारी नगरकार्यपालिकालाई सम्झनु पर्दछ ।

(ग) "नगरपालिका" भन्नाले चौरजहारी नगरपालिकालाई सम्झनु पर्दछ ।

## परिच्छेद २
## सेवा सूविधा सम्बन्धि व्यवस्था

**३. परिक्षा संचालनमा परिक्षा केन्द्रमा खटिने कर्मचारीहरुको सेवा सुविधा सम्बन्धि व्यवस्था :**

(१) लिखित परिक्षा संचालनमा परिक्षा केन्द्रमा खटिने कर्मचारीहरुको सेवा सुविधा देहाय बमोजिम हुनेछ :

(क) केन्द्राध्यक्ष (राजपत्रांकित कर्मचारी वा सो सरह) रू. ५००।०० प्रतिघण्टा

(ख) सहायक केन्द्राध्यक्ष (राजपत्रांकित तृतिय वा सो सरह वा ना.सु वा सो सरह) रू. ३००।०० प्रतिघण्टा

(ग) निरीक्षक (ना.सु. वा खरिदार वा सो सरह) रू. २००।०० प्रतिघण्टा

(घ) कार्यालय सहयोगी रू. १००।०० प्रतिघण्टा

(ङ) सुरक्षाकर्मी रू. १००।०० प्रतिघण्टा

(२) खण्ड (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि यदी कुनै कर्मचारीलाई छ कोष वा सोभन्दा टाढाबाट आउने गरी खटाईएमा भ्रमण खर्च नियमावली, २०६४ बमोजिम दैनिक भ्रमण भत्ता वापतको रकम उपलब्ध गराईनेछ ।

(३) लिखित परिक्षामा सफल उम्मेदवारहरुको अन्तरवार्ताको लागि खटिने कर्मचारीको सेवा सुविधा देहाय बमोजिम हुनेछ :

(क) संयोजक (राजपत्रांकित वा सो सरह) रू. १०००।०० प्रतिसिफ्ट

(ख) सदस्य (राजपत्रांकित वा सो सरह) रू. ८५०।०० प्रतिसिफ्ट

(ग) विषय विशेषज्ञ  रू. ८५०।०० प्रतिसिफ्ट

चौरजहारी नगरपालिका

(घ) सहयोगी कर्मचारी (ना.सु. वा खरिदार वा सो सरह) रू. ५००।०० प्रतिसिफ्ट

(ङ) कार्यालय सहयोगी रू. ३००।०० प्रतिसिफ्ट

(च) सुरक्षाकर्मी रू. ३००।०० प्रतिसिफ्ट

स्पष्टिकरण : " प्रतिसिफ्ट" भन्नाले बढिमा तीन घण्टाको समयलाई बुझाउनेछ ।

(४) खण्ड (३) मा जुनसुकै कुरा लेखिएको भएता पनि यदी कुनै कर्मचारीलाई छ कोष वा सोभन्दा टाढाबाट आउने गरी खटाईएमा भ्रमण खर्च नियमावली, २०६४ बमोजिम दैनिक भ्रमण भत्ता वापतको रकम उपलब्ध गराईनेछ ।

**४. उम्मेदवारको लिखित परिक्षाको उत्तर पूस्तिका जांच गर्ने परिक्षकले प्राप्त गर्ने सूविधा :**

(१) उत्तर पुस्तिका जांचको लागि राजपत्रांकित वा सो सरहको कर्मचारीलाई खटाईनेछ ।

(२) उत्तर पुस्तिका जांच गर्ने परिक्षकले प्रति उत्तर पुस्तिका विषयगत भए रू. ५० र वस्तुगत भए रू. २५ प्राप्त गर्नेछ ।

**५. पदपूर्ति समितिमा रहने पदाधिकारीहरुको सुविधा :**

(१) पदपूर्ति समितिमा रहने पदाधिकारीहरुले नियमानुसारको बैठक भत्ता वापतको रकम प्राप्त गर्नेछन् ।

**६. यसै बमोजिम भएको मानिने :**

(१) यो मापदण्ड बन्नुपुर्व पदपुर्ति सम्बन्धमा भएका कार्यहरु यसै बमोजिम भएको मानिने र यसै मापदण्ड अनुसार सुविधा दिएको मानिनेछ ।

घोराही नगरपालिका